# पौराणिक आख्यानले भरिएका नदीहरू र सांस्कृतिक अन्तर्सम्बन्ध

*डा. साफल्य अमात्य*

पृथ्वी मण्डलमा थलचर, जलचर, प्राणी, वनस्पति र सबै जीवात्माको लागि नभई नहुने जीवनदायी पानीको हाम्रो जीवन र संस्कृतिसँग यति गहिरो र अटुट सम्बन्ध छ, त्यसको लेखाजोखा गर्न अति नै कठिन मात्र नभई एउटा गम्भिर अनुसन्धान र अध्ययनको विषय बनेको छ । यस भूमण्डलमा पानीको ठूलो स्रोतको रूपमा हाम्रा हिमशिखरहरू, हिमनदी (ग्लासिएर)हरू र हिमतालहरू मानिन्छन् । हाम्रो देशको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सम्पूर्ण भूभाग यी हिमशिखरहरूवाट उत्पन्न भएका विभिन्न नदीहरूवाट सिञ्चित छन् । त्यसैले होला यी हिमशिखरहरूलाई हामी भगवान शिव अर्थात् पशुपतिनाथ याने (सम्पूर्ण प्राणीहरूको नाथ)को निवासस्थानको रूपमा मान्दछौं र पूजा गर्छौं । हाम्रा इष्टदेव एवम् आराध्यदेव शिवकी पत्नी देवी पार्वतीको माइती पनि यी हिमाल पर्वत नै हुन् । तसर्थ यी हिमशिखरहरूवाट निरन्तर बगिरहने नदीहरू र यी हिमशिखरहरूवाट बनेका हिमतालहरू, तलाउहरू, कुण्डहरू आदि सबै हाम्रा लागि अति नै उच्च कोटीका तीर्थस्थल एवम् पुण्यस्थलहरू मानिन्छन् । नेपाली चाहे त्यो हिन्दु होस् वा बौद्धमार्गी, पानीलाई सधं पवित्र, जीवत्व र जीवनदायी मान्दछन् । पानीको मुख्य स्रोत नदी हो । त्यो जहाँसुकै होस्, जत्रोसुकै होस् हामी त्यसलाई गङ्गा मानी पुज्ने गर्दछौं ।

प्रचलित एक पौराणिक कथामा भगीरथले कपिल ऋषिको श्रापले भष्म भएका आफ्ना पुर्खाहरू सगर राजाका साठी हजार छोराहरूलाई मुक्ति दिलाउन तपस्या गरी स्वर्गवाट गङ्गाजीलाई पृथ्वीमा ल्याउँदा गङ्गाजीको प्रवाहवाट सारा पृथ्वी नै जलमग्न हुने डर हुनाले भगवान् शिवले स्वर्गवाट झरेकी गङ्गाको प्रवाहलाई आफ्नो केशको जटा बनाई त्यहाँ रोकी त्यसपछि मात्र विभिन्न नदीको रूपमा गङ्गालाई पृथ्वीमा प्रवाह गराएका थिए । त्यसमध्ये एउटा मुख्य नदीलाई भगीरथले साथैमा ल्याई आफ्ना मृत पुर्खाहरूको अस्थिलाई उक्त गङ्गाजीको पानीमा बहाई मुक्ति दिलाए भनी उल्लेख गरिएको छ ।

गङ्गाजीलाई स्वर्गवाट पृथ्वीमा कसरी ल्याए भन्ने बारेमा ऋग्वेदमा वर्णन गरेको पाइन्छ । पृथ्वीको सृष्टिपछि यहाँ बस्ती बसाल्न पानी भएन । इन्द्रका शत्रु भृतासुरले गङ्गाजीलाई स्वर्गमै रोकिराखेका थिए । धेरै युद्ध गरी इन्द्रले भृताशुरलाई हराई पृथ्वीमा गाइले आफ्नो बाच्छोलाई दूध ख्वाउन हतार गरे झै हतारी गङ्गाजीलाई पठाइदिए । पृथ्वीमा गङ्गाजी ल्याएको बारेमा हिन्दु देवताहरू विष्णु र ब्रह्मासँग पनि सम्बन्धित दन्तेकथाहरू छन् । विष्णुले दानवीर राजा बलिलाई छल गरी जव तेस्रो पाइलाले स्वर्गलाई ढाक्न खोजे त्यसबखत विष्णुको पाइलाको एउटा औंलाले स्वर्गमा सानो प्वाल पार्‍यो र त्यहींवाट गङ्गाजी बही पृथ्वीको सुमेरु पर्वतमाथि झरिन् । त्यसपछि पृथ्वीमा गङ्गाजी चार भागमा विभाजित भई चार महाद्वीपमा बग्न थालिन् भनिन्छ । अर्को कथाअनुसार, गङ्गाजीलाई ब्रह्माले आफ्नो कमण्डलुभित्र राखिछोडेका थिए । एकपटक ब्रह्माजीले विष्णुको पाउमा गङ्गाजीलाई खन्याइदिए र त्यसपछि स्वर्गभरि जतातत‌ै गङ्गाजी फैलिन लागिन् । यसरी शिवजीको टाउकोवाट निस्केकी, विष्णुको पाउबाट निस्केकी, ब्रह्माको कमण्डलुबाट निस्केकी गङ्गा सधैं पवित्र, शुद्ध, पापमोचन गर्नसक्ने, रोगहरण गर्नसक्ने, दैविक शक्तियुक्त, प्राणी मात्रलाई आमाले झैं जीवनदान दिने भएकी हुनाले सधैं पूजनीय भइन् । त्यसैले ‘अग्निपुराणमा’ भनिएको छ( नदीले जुनसुकै ठाउँवाट बगे पनि त्यो ठाउँ पवित्र हुन्छ । नदीमा नुहाउनु भन्नु नै स्वर्गको अनुभूति प्राप्त गर्नु हो । अज्ञानताले अन्धो भएको व्यक्तिले ज्ञानको ज्योति पाउँदछ । यिनै गङ्गाको जल हेर्नाले, छुनाले र पिउनाले हजारौ पापीहरूको पाप नाश भएर गयो । मृत्युपछि गङ्गाजीमा मिसिनाले मोक्ष प्राप्त हुन्छ र आत्मालाई शान्ति मिल्दछ । गङ्गाको पानी एक थोपा छोएर आएको हावाको स्पर्शले पनि, जीवनभरको पाप नाश हुन्छ । तसर्थ नेपाल अधिराज्यको जुनसुकै भूभागवाट बगेका नदीहरू चाहे त्यो मेची होस् वा महाकाली, सेती होस् वा कर्णाली, गण्डकी होस् वा कोशी, सबै नै नेपालीको लागि पवित्र तीर्थस्थलहरू हुन् ।

पूर्वी नेपालमा कोशीलाई मुख्य नदी मानिन्छ । यो नदी र कोका नदीको दोभानमा अवस्थित वराहक्षेत्र त्यस भेगको सबैभन्दा ठूलो तीर्थस्थल हो । राई समुदायका मानिसले परिवारमा कसैको मृत्यु भएमा वराहक्षेत्रमा

कात्तिक पूर्णिमाको दिनमा आई नचोख्याउन्जेलसम्म सम्पूर्ण घर नै अपवित्र रहेको मान्दछन् । पूर्वी नेपालको उदयपुर जिल्लाको कमला नदीमा तावा खोला मिलेको ठाउँभन्दा अलि पूर्वमा तावा खोलामा ककरु खोला मिल्ने भएकोले त्रिवेणी संगमको रूपमा यस स्थानलाई मानिन्छ । यहाँ हरेक वर्ष माघे सङ्क्रान्तिमा मेला लाग्दछ । जुन मेला नेपाल अधिराज्यको पूर्वी भागमा लाग्ने माघे मेलाहरूमा सबैभन्दा ठूलो हो । सो मेला भर्न भारत विहारवाट पनि प्रशस्त तीर्थयात्रुहरू आउँछन् । तिनीहरूले कमलामा नुहाई कलिला पाठा, परेवा, आदिको ा भोग चढाउने गर्दछन् । यो मेला 'मैनी मेला'को नामले प्रख्यात छ । यसरी नै खोटाङस्थित साप्सु खोलामा पनि पञ्चबलि चढाई भाकल पूरा गर्ने चलन छ । यो चलन खास गरी किराँत समुदायका मानिसमा बढी पाइन्छ । पूर्वी नेपालमा खोलाहरूमा बलि दिने एउटा अनौठो चलन छ । रभुवाको मेला लाग्ने ठाँउमा दूधकोशी र ओखलढुङ्गावाट बगेर आएको ठोटने खोलाको संगम र केही टाढा रावा खोला दूधकोशीमा बगिआएकोले त्रिवेणी भएको छ । यहाँ माघे सङ्क्रान्तिको दिन ठूलो मेला लाग्दछ । त्रिवेणीलाई तीन नदीहरूको संगम ब्रह्मको द्योतकस्वरूप रहेको 'ओंकार'सित सम्बन्धित मानिन्छ । पौराणिक कथनअनुसार 'ओम्' को तीन भाग अर्थात् अ, उ, म् ले क्रमैसँग सरस्वती, यमुना तथा गङ्गालाई प्रतिनिधित्व गर्दछन् र यी नदीहरू भगवान विष्णुका प्रद्युम्न, अनिरुद्ध र संकर्षणका प्रतीक पनि मानिन्छन् । नेपाल अधिराज्यको मध्यमाञ्चल क्षेत्रको सिन्धुली जिल्लामा कमला नदी र ग्वाङ्ग खोलाको संगम कमला माईस्थानलाई प्रख्यात धार्मिकस्थल मानिन्छ । कमला माईको महिमा बृहत् विष्णु पुराणको मिथिला माहात्म्यमा उल्लेख छ । माघे सङ्क्रान्तिको दिन यहाँ ठूलो मेला लाग्दछ । निकै टाढा टाढाबाट मानिसहरू मेला भर्न आउँदछन् । यस अवसरमा यहाँ हजारांको सङ्ख्यामा पाठा, परेवा आदि बलि दिइन्छ । यसरी नदीहरूमा बलि दिने चलनलाई नेपालको आफ्नो मौलिक र बेग्लै पहिचान दिने परम्परा मान्न सकिन्छ । मेला भर्न आउने धेरैजसो मानिसहरू कमला माईस्थानमा दीपावली र नाचगान गरी रातभर जाग्राम बस्ने गर्दछन् । काभ्रे जिल्लाको पनौती विहावर खोला (रोशी) र पुण्यमती नदीको संगमस्थल त्रिवेणी दोभान हो । यहाँ प्रत्येक बाह्र वर्षमा माघ महिनाभर मकर मेला र प्रत्येक छ वर्षमा कुम्भ मेला लाग्छ । त्यस बखत हजारौं मानिसले यहाँ आई स्नान गर्ने, पूजा(पाठ गर्ने गर्दछन् ।

नुवाकोट जिल्लामा त्रिशुली र तादी नदीको दोभानलाई त्रिवेणी अर्थात देवीघाट भनिन्छ । यहाँ जाल्पा देवीको मन्दिर छ । देवीको दर्शन गर्न र त्रिशुलीमा स्नान गर्न हरेक चैत्र शुक्ल पूर्णिमाको दिन यहाँ मेला लाग्दछ । यसलाई देवीघाटको मेला भन्दछन् । यही पवित्र देवीघाटमा राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहको अन्तिम दाहसंस्कार भएको थियो । चितवन जिल्लामा अवस्थित कालीगण्डकी र त्रिशूली गङ्गाको संगमस्थल देवघाट धार्मिक दृष्टिकोणले अति महत्वपूर्ण तीर्थस्थल मानिन्छ । यहाँ माघे सङ्क्रान्तिमा ठूलो मेला लाग्दछ । नेपाल र भारतका हजारौ तीर्थयात्रीहरू सो पर्वमा यहाँ स्नान गर्न आउँदछन् । पर्वत जिल्लाको सदरमुकाम कुस्माको दक्षिण भागमा काली र मोदी नदीको संगमलाई 'मोदी(वेणी तीर्थस्थल भनिन्छ । यहाँ हरेक एकादशी, माघे सङ्क्रान्ति, श्रीपञ्चमी, फागुपूर्णिमा र शिवरात्रिमा मेला लाग्दछ । यहाँ नृसिंह भगवान्‌को सुन्दर मूर्ति र मन्दिर छ । यसै जिल्लामा सेती खोला र कालीगण्डकीको दोभान सेतीवेणी पनि एक प्रमुख तीर्थस्थलको रूपमा रहेको छ । यहाँ कात्तिक, माघ र वैशाख महिनाको सङ्क्रान्तिमा मेला लाग्दछ । वरपरबाट धेरै मानिसहरू ती मेलाहरू भर्न आउँछन् ।
मुस्ताङ जिल्लामा अवस्थित कालीगण्डकी क्षेत्रमा शालिग्राम पाइने हुनाले ती सम्पूर्ण क्षेत्र नै पवित्र र पुण्य मानिन्छन् । म्याग्दी जिल्लाको सदरमुकाम बेनी, कालीगण्डकी र मंगला नदी (म्याग्दी खोला) को संगमस्थलमा अवस्थित छ । प्राचीनकालमा पुलस्त्य ऋषिले तपयज्ञादि कर्म गरेको भूमि हुनाले यस तपोभूमिलाई पुलस्त्य प्रयाग पनि भनिन्छ । बेनीबाट एक कोस जति उत्तरतर्फ कालीगण्डकी र राहुघात खोलाको दोभाननिर सारै ठूलो र भव्य शिला छ । यसै शिलाको माथि एउटा शालिग्राम छ । यसैलाई गलेश्वर महादेव भनी पुज्ने गर्दछन् । गलेश्वर महादेव बारे धेरै अनुश्रुतिहरू प्रचलित छन् । यसै ठाँउमा जडभरतले तपस्या गरेको हो भनी धेरैले विश्वास गर्दछन् । गलेश्वर मन्दिरको पूर्वपट्टिको किनारमा जडभरतको शिला पनि छ । यहाँ बालाचतुर्दशीमा ठूलो मेला लाग्दछ । बागलुङ बजारदेखि पूर्वतिर कृष्णगण्डकीको किनारमा नीरहेघाटमा जंगेश्वर महादेवर लक्ष्मीनारायणको मन्दिर छ । यहाँ कात्तिकको ठूलो एकादशीको दिन मेला लाग्दछ । जनैपूर्णिमाको दिन ढोरपाटन, उत्तरगङ्गामा मेला लाग्दछ । रिडी, रुकुम आदि ठाँउबाट समेत भक्तजनहरू मेला भर्न आउँछन् । कालुङ खोला र कालीगण्डकीको दोभानमा परापूर्व कालमा जयमुनि ऋषिले तपस्या गरेको भनिने यस स्थानलाई ज्यामिरघाट भनिन्छ । यहाँ माघे सङ्क्रान्तिमा ठूलो मेला लाग्छ ।

पश्चिमाञ्चल विकास क्षेत्रमा रिडी अर्थात रुरु क्षेत्रलाई अति नै पवित्र तीर्थस्थल मानिन्छ । कालीगण्डकीको किनारमा रुरु क्षेत्र अवस्थित छ । यहाँको ऋषिकेश नारायणको मूर्ति पाल्पाली राजा मुकुन्द सेनले कालीगण्डकीमा स्नान गर्दा अकस्मात् भेट्टाएर यहाँ स्थापना गरेको हो भन्ने जनश्रुति छ । कात्तिक एकादशीदेखि पूर्णिमासम्म यहाँ ठूलो मेला लाग्दछ । उक्त दिन कालीगण्डकीमा स्नान गर्न र ऋषिकेशवको दर्शन गर्न यस जिल्लाका बाहेक छिमेकी जिल्लाका पनि हजारौं मानिस आउँछन् । माघे सङ्क्रान्तिमा यहाँ तीनदिनसम्म ठूलो मेला लाग्छ । गुल्मी जिल्लाको अर्को पवित्र तीर्थस्थल रुद्रवेणी हो । बडीगाउँ नदी कृष्णगण्डकीमा मिसिने दोभानको नाउँ रुद्रवेणी हो । बडीगाउँलाई रुद्रगङ्गा पनि भन्दछन् । जनैपूर्णिमा, माघे सङ्क्रान्ति, कात्तिक एकादशी आदि दिनहरूमा यहाँ नुहाई मर्यादा पुरुषोत्तम रामको दर्शन गरी पाप पखाल्ने तथा पुण्य सञ्चय गर्ने मानिसहरूको घुइँचो लाग्दछ । अर्घाखाँची जिल्लाको चुत्राबेंसीलाई वागी खोला, घोचो खोला र भद्रे खोलाहरूको संगममा परेको हुनाले यस ठाउँलाई त्रिवेणीपुर पनि भनिन्छ । शिवरात्रि र माघे सङ्क्रान्तिमा यहाँ ठूलो मेला लाग्छ । फागुपूर्णिमा र कात्तिक महिनाको ठूलो एकादशीमा पनि यहाँ मेला लाग्छ । बडादशैको द्वादशीको दिन यहाँ लाग्ने ठूलो मेलामा सराय नाच पनि नचाउने चलन छ । कपिलवस्तु जिल्लाको सबैभन्दा ठूलो र महत्वपूर्ण नदी बाणगङ्गा हो । यस नदीको किनारमा रामघाट, लक्ष्मणघाट आदि धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थानहरू छन् । यी स्थानहरूमा माघे सङ्क्रान्ति र अन्य महत्वपूर्ण चाडको बेला मेला लाग्दछ । हुम्ला जिल्लाको कर्णाली र दोजाम खोला दोभान खार्पुनाथ त्यस जिल्लाको प्रमुख तीर्थस्थलहरूमध्ये एक हो । कर्णालीको नीलो पानी र दोजाम खोलाको सेतो पानी मिलेको दोभानमा बर्सेनि माघे सङ्क्रान्ति र शिवरात्रिमा ठूला मेलाहरू लाग्दछन् । तिब्रिकोट जिल्लामा तिला र जवा नदीको संगमस्थल दानसाँगु नामले प्रसिद्ध छ । यस संगममा जुम्ला र तिब्रिकोटका निवासीहरू हरेक ठूला पर्वहरूमा नुहाउन आउने गर्दछन् । विशेष गरी तीजको दिन आसपासका गाउँका महिलाहरूको मेला लाग्दछ । यो स्थान जुम्ला र तिब्रिकोट वरपरका १३ गाउँका मानिसहरूले घाटको रूपमा प्रयोग पनि गर्दछन् र यसलाई त्रिवेणी मसानघाट पनि भनिन्छ । त्रिवेणीमा शिवजीको प्रसिद्ध मन्दिर पनि छ । खडेरी परेको बेलामा यस भेकका मानिसहरूले भेला भई शिवपूजा गरी पानी माग्ने चलन छ । दैलेख जिल्लाको नाभिखोला, छामगाड खोला र पादुका खोलाहरूको दोभान र किनारमा अवस्थित पञ्चकोशी अथवा पञ्चतीर्थ जिल्लाकै सबैभन्दा प्रमुख र प्रसिद्ध धार्मिकस्थल हुन् । जनश्रुतिअनुसार सतीदेवीका अङ्गहरू पतन हुँदा शिरस्थानमा शिर, नाभिस्थानमा नाभि, पादुका स्थानमा पाउ, कोटिलामा अङ्ग र धुलेश्वरमा अङ्गको धुलो पतन भएको थियो । साथै शिरस्थान, नाभिस्थान र पादुकास्थानका ज्वालाहरू नारायणको शिर, नाभि र पाउबाट निस्केका ज्वालाहरू हुन् भन्ने भनाइ पनि छ । शिरस्थान नाभिखोला र छामगाड खोलाको दोभानमा पर्दछ । शिरस्थानमा ज्वाला देवीको मन्दिर छ र त्यहाँ परापूर्व कालदेखि ज्वाला बलिरहेको छ । प्रत्येक वर्ष शिवरात्रिमा यहाँ ठूलो मेला लाग्दछ र मेला भर्न यस जिल्लाको साथै बाहिरी जिल्लाहरूबाट पनि तीर्थ यात्रीहरू आउँदछन् । मृत व्यक्तिहरूको दाहसंस्कार यहाँ भएमा पुण्यरूपले तर्छन् भन्ने विश्वास यहाँ पाइन्छ । नाभिखोलाको तीरमा नाभिस्थान छ । नाभिस्थानमा पनि परापूर्वकालदेखि ज्वाला बलिरहेको छ । यहाँ प्रत्येक वर्ष माघे पूर्णिमामा मेला लाग्दछ । पादुकाखोलाको किनारमा पादुकास्थान रहेको छ । यहाँ पनि परापूर्वकालदेखि बलिरहेको ज्वाला छ । यहाँ प्राचीन मूर्ति र मन्दिरहरू छन् । यहाँ हरेक वर्ष माघ शुक्ल पूर्णिमाको दिन ठूलो मेला लाग्दछ । छामगाड खोलाको पूर्वी किनारमा कोटिलाको मन्दिर छ । यो महादेवको मन्दिर हो । वर्षादमा पानी नपरेमा यस मन्दिरमा गई पानी मागे पानी पर्छ भन्ने विश्वास गरिन्छ । दैलेख जिल्लाकै लोहोरे खोला र पराजुल खोलाको दोभानमा डुङ्गेश्वर महादेवको मन्दिर छ । श्रीपञ्चमीको दिन यहाँ ठूलो मेला लाग्दछ । नेपाल अधिराज्यको सुदूर(पश्चिमाञ्चलको दार्चुला जिल्लाको महाकाली नदीको किनारमा अवस्थित तपोवन एउटा पवित्र स्थान हो । महाशिवरात्रीको दिन यहाँ ठूलो मेला लाग्छ । यहाँ एउटा तातोपानीको धारा छ जहाँ तीर्थयात्रीहरू स्नान गर्दछन् । महाकाली नदी किनारमा रहेको अर्को धार्मिकस्थल हो जोलजिवी । यो स्थान महाकाली नदी र गौरी नदीको संगमस्थल हो । यहाँ कात्तिक मसान्तदेखि लगातार पाँच दिनसम्म सुदूर पश्चिम नेपालको सबैभन्दा ठूलो मेला लाग्दछ ।

नेपाली समाजमा अधिराज्यका यी सबैजसो प्रमुख नदीहरू र खोलाहरूको आ(आफ्नै किसिमको धार्मिक एवम् सांस्कृतिक महत्व छ । तर सबैभन्दा बढी महत्व भने काठमाडौं उपत्यकाभित्र बहने बागमती र विष्णुमतीलाई नै नेपाली सामाजले दिएको पाइन्छ । 'नेपालमाहात्म्य' मा भनिएको छ "वाग्मती सरितां श्रेष्ठा यत्रकुत्रा वगाह्यते । तत्र तत्र फलं विद्याद्वाजपेयाश्वमेधयो : ॥" अर्थात् नदीहरूमा श्रेष्ठ बागमती हुन्, त्यसमा जहाँ कहीँ नुहाइयो भने वाजपेय र अश्वमेध यज्ञको फल मिल्छ । 'पशुपति(पुराण' मा भनिएको छ( शिवजीको हास्य किरणबाट उत्पन्न भै प्रवाह बहाउने उक्त नदी शिव वाक्यबाट प्रकट हुनुभयो । यसकारण उहाँ लोकमा वाग्वती नामले

प्रख्यात हुनुहुन्छ। जुन ठाउँबाट बागमती उत्पन्न भएको छ त्यस ठाउँलाई वागद्वार भनिन्छ। मेष सङ्क्रान्ति अर्थात् वैशाख संक्रान्तिको दिन बागमतीको जन्मदिन भएकोले उक्त दिन वागद्वार वा बागमतीमा स्नान गर्नाले ठूलो पुण्य मिल्दछ भन्ने जनविश्वास छ। 'पशुपतिपुराण' मा भनिएको पनि छ( पवित्र जल भएकी श्री बागमतीमा स्नान गर्नाले मात्र पनि तीर्थसेवी पुण्यात्माहरूको आध्यात्मिक, आदिभौतिक र आदिदैविक सम्पूर्ण विघ्न (दुःखकष्ट) हरू नष्ट हुनेछन्। वागद्वारबाट बग्दै आएको बागमतीको किनारमा अवस्थित गोकर्णेश्वर महादेवको ठूलो महिमा छ। पशुपतिपुराण र श्रीस्वस्थानी व्रतकथामा यस पुण्यभूमिमा वृषभ ऋषिका छोरा रावण आई तपस्या गरी महादेवलाई खुसी पारी वर पाएका थिए भनिएको छ। काठमाडौं उपत्यकाको ब्रह्मतीर्थ एवम् उत्तरगयाको नामले प्रसिद्ध यस तीर्थस्थलमा कुसेऔंसी अर्थात् बाबुको मुख हेर्ने दिनमा परलोक भएका बाबुवाजेहरूको नाममा श्राद्ध गर्नेहरूको ठूलो भीड लाग्ने गर्छ। उक्त दिन बागमतीमा नुहाई पितृहरूलाई पिण्डदान र जलदान गर्नाले अपार पुण्य मात्र प्राप्त हुनेहैन, पितृहरूले पनि मुक्ति पाउँछन् भन्ने विश्वास गरिन्छ। बागमती बग्दै(बग्दै पशुपतिमा आइपुग्छ र आराध्यदेव शिव पशुपतिनाथलाई आर्यघाटबाट बग्दै गएको बागमतीको पानी चढाई दर्शन गर्ने र वर्षभरि महत्वपूर्ण पर्वहरूमा बागमतीमा नुहाई पशुपतिनाथको दर्शन गर्नाले सांसारिक दुःखकष्ट हरण हुनुका साथै मुक्ति प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ। खासगरी शिवरात्रि, ऋषिपञ्चमी, एकादशी, पूर्णिमा र ग्रहणका दिनहरूमा बागमतीमा स्नान गर्ने चलन छ। काठमाडौंका मानिसहरूका लागि मात्र हैन, सम्पूर्ण नेपालीले आर्यघाटलाई सबैभन्दा ठूलो र पवित्रघाट मान्दछन्। मृत्यु शचयामा परिरहेका व्यक्तिलाई पशुपतिनाथको दर्शन गराई आर्यघाटको पशुपतिनाथको जल मिसिएको बागमतीको पानी ख्वाएमा चाँडै मुक्ति पाउँछ र सुविस्ताका साथ प्राणत्याग हुनसक्छ भन्ने विश्वास छ। पशुपति आर्यघाट र भस्मेश्वर घाटमा अन्तिम कृयाकर्म भएमा मुक्ति पाइन्छ भन्ने पनि विश्वास छ।

बागमती शङ्खमूलमा आइपुग्दा बागमती, मनोहरा र गङ्गाको त्रिवेणीमा परिणत हुन्छ। नदीहरूको त्रिवेणी नेपाली समाजले एउटा ठूलो तीर्थस्थलको रूपमा मान्दछन्। त्यसैले शङ्खमूल पाटनमा पुगेर बागमती झन् पवित्र हुनपुग्छ। काठमाडौं उपत्यकाका हिन्दु र बौद्ध दुवै परम्पराहरूमा शङ्खमूलको बागमतीको पानीमा रोग निको पार्नसक्ने शक्ति भएको बारे धेरै कथनहरू छन्। 'स्वम्यभूपुराण' अनुसार( एकजना व्यक्तिले आफ्नो जीवन बचाइदिने बाँदरलाई मार्न खोजे। यस पापको फलस्वरूप उसलाई कोर रोग लाग्यो र उसले शङ्खमूलमा आई बागमतीमा नुहाएपछि ऊ त्यो रोगबाट मुक्त भयो। 'स्कन्दपुराण' अनुसार( चन्द्रले आफ्ना गुरु अगस्त्यकी पत्नी आफ्नी गुरुआमा प्रोसपतिसँग यौनसम्बन्ध राखी एक बालकलाई जन्म दिएका थिए। त्यो थाहा पाई गुरु अगस्त्यले चन्द्रलाई शारीरिक र बौद्धिक दुवै शक्ति नाश होस् भनी श्राप दिए। तर चन्द्रले शङ्खमूलको बागमतीमा स्नान गरेको हुनाले उनले यस पापबाट मुक्ति पाए। शङ्खमूलको बागमतीमा वर्षभर नै धार्मिक एवम् सांस्कृतिक मेला तथा पर्वहरू भई नै रहन्छन्। काठमाडौंका बौद्धमार्गीहरूले नेवारी महिनाको नवौं महिनामा मनाउने 'गुँला' पर्वमा महिनाभर नै धर्मभीरुहरू नदीमा आई बालुवा र भातको मिसावट गरी स(साना चैत्यहरू बनाउँछन् र अन्तिम दिनमा ती चैत्यहरू नदीबीच दोभानमा लगी बगाउने गर्दछन्। वसन्तपञ्चमीको समयमा पनि बीस दिन लगातार शङ्खमूलमा मेला लाग्दछ। वसन्तको आगमनको खुसियालीमा यो पर्व मनाइन्छ। यो पर्वको पहिलो दिन बागमतीलाई देवीको मूर्तरूप दिई पूजा गर्ने चलन छ। स्वस्थानी व्रतकथा समाप्त भएको दिन स्वस्थानी पूर्णिमाको दिन पनि भक्तजनहरू शङ्खमूलको बागमतीमा आई नुहाइधुवाई गरी आफ्नो पूजा र व्रत समाप्त गर्ने गर्दछन्। पाटनका जनताहरू शङ्खमूल घाटलाई आर्यघाट जस्तै पवित्र मान्दछन्। बागमतीको किनारमा अवस्थित सबैभन्दा लामो र धेरै स्मारकहरू भएको क्षेत्र टेकु थापाथली हो। यस क्षेत्रलाई शाह राजाहरू र राणा प्रधानमन्त्रीहरू एवम् नेपालका प्रतिष्ठित नागरिकले भारतको बनारसको गङ्गाजीमा रहेका घाटहरूजस्तै गरी निर्माण गर्न खोजेका थिए। यस क्षेत्रको सबैभन्दा महत्वपूर्ण बागमती र विष्णुमतीको संगम रहेको स्थल टेकु दोभान अर्थात् चिन्तामणि तीर्थ हो। यो स्थान हिन्दु र बौद्ध दुवैको लागि अति पवित्र मानिन्छ। टेकु दोभानभन्दा अलि तल पञ्चनारी घाटमा दशैंको केही दिन अगाडि हुने पचलीभैरवको जात्रामा मेला लाग्दछ। त्यस दिन त्यहाँ श्रद्धालुहरूले पचलीभैरवको जल मिश्रित नदीको पानीमा स्नान गरेमा पापबाट र रोगबाट मुक्त हुन्छ भन्ने विश्वास गर्दछन्। बागमतीको पचलीघाटको पारिपट्टि कालोपुल पारी राजघाटमा राजतीर्थ कुण्ड छ। जसको पानीमा बिरेनूनको गन्ध र स्वाद आउछ। त्यस कुण्डमा स्नान गर्नाले शरीरका रोग निको हुने र शरीर सधैं तन्दुरुस्त भइरहने विश्वास गरिन्छ। त्यस्तै कालमोचनघाटको आफ्नै महत्व र महिमा छ। नेपालका शाह राजाहरूका कृयापुत्री यसै घाटमा बसी नचोखिउञ्जेलसम्म सम्पूर्ण विधिविधानहरू यहीं बसी गर्ने गर्दछन्।

बौद्ध परम्पराअनुसार मञ्जुश्रीले प्रज्ञा खड्गले कालीदहलाई छेकी राखेका डाँडाहरू काटी पानी बगाइदिएपछि नेपाल मण्डलभित्र पानीको स्रोत नै रहेन । त्यो देखी ऋकुछन्द बुद्धले शिवपुरी डाँडामा गई आफ्नो बुढी औंलाले चट्टान भेदन गरी त्यस पहाडबाट पानीको मुहान निकाले । त्यो बागमती नदीको नामले प्रसिद्ध भयो । ऋकुछन्द बुद्धले आफ्ना चेलाहरूलाई भिक्षु बनाउन काटिएका केशहरू फालिएको ठाँउवाट अर्को पानीको मुहान फुट्यो । त्यो 'केशावती' अर्थात् केशवाट उत्पन्न भएको नदीको नामले प्रख्यात भयो । जसरी बागमती नेपाली समाजको लागि ठूलो महत्वको छ त्यसरी नै विष्णुमती अथवा केशावती नदी पनि उपत्यकावासीहरूको निम्ति अति नै महत्वपूर्ण नदी मानिन्छ । विष्णुमतीको उत्पत्तिबारे 'पशुपतिपुराणमा भनिएको छ ( जो टाढैवाट स्पष्ट देखिने फिँज प्रवाह बहाउने पवित्र नदी भगवान् विष्णुको पाउबाट निस्कनुहुन्छ, यसै कारण वहाँ विष्णुपदी (विष्णुमती) नामले लोकमा प्रख्यात हुनुहुन्छ । 'नेपाल(माहात्म्य' मा भनिएको छ "नदीं विष्णुपदिं पश्य फेनोमिधवलां शुभाम् । यत्र स्नानेन मनुजो विष्णुलोकं प्रपश्यति ॥" अर्थात फिँज र छालले सेतो भएको राम्रो विष्णुपदी (विष्णुमती) नदीलाई हेर्नुहोस्, जहाँ नुहाउनाले मानिसले विष्णुलोक देख्छ । विष्णुमतीको किनारमा रहेका घाट तथा धार्मिक स्थलहरूमध्ये टंकेश्वरघाट र टङ्केश्वर महादेव, विजेश्वरी, शोभाभगवती र करवीर मसान, नदीको अर्को किनारमा इन्द्रायणीघाट तथा मन्दिर आदि मुख्य हुन् । नेपालमण्डल अर्थात् काठमाडौं उपत्यकाभित्र बाह्रवटा प्रमुख तीर्थस्थलहरू छन् । ती सबै कुनै न कुनै पवित्र नदीहरूका संगमस्थलहरू पनि हुन् । जस्तै गोकर्णलाई चन्द्रभागा नदी र बागमतीको संगमस्थल ब्रह्मतीर्थ (उत्तरगया) भनी मान्दछन् । गुह्येश्वरीलाई मारदायिणी र बागमती नदीको संगमस्थल, शान्ततीर्थ भनी मान्दछन् । शङ्खमूललाई मणिमती र बागमतीको संगमस्थल शङ्करतीर्थ भनी मान्दछन् । धंतलीलाई राजमञ्जरी र बागमतीको संगमस्थल राजतीर्थ भनी मान्दछन् । खुसींख्यलाई विमलावती र केशावती नदीको संगमस्थल मनोरथ तीर्थ भनी मान्दछन् । विलासलाई कुसुमावती र केशावतीको संगमस्थल निर्मलतीर्थ भनी मान्दछन् । कंगखुसीलाई सुर्वणावती र केशावती नदीको संगमस्थल निधान तीर्थ भनी मान्दछन् । कन्हखुसीलाई पापनाशिनी र केशावतीको संगमस्थल ज्ञानतीर्थ भनी मान्दछन् । पचली (टेकु) लाई बागमती र केशावती नदीको संगमस्थल चिन्तामणि तीर्थको रूपमा मान्दछन् । दानिगा (दांगाखुसी) लाई बागमती र रत्नावतीको संगमस्थल प्रमोद तीर्थको रूपमा मान्दछन् । भाजंगाललाई बागमती र प्रभावतीको संगमस्थल सुलक्षण तीर्थको रूपमा मान्दछन् र त्यस्तै नेखु (नख्खु)लाई प्रभावती र बागमतीको संगमस्थल जयतीर्थको रूपमा मान्दछन् । नेपाली संस्कृतिमा नदीहरूको अत्यन्तै महत्वपूर्ण भूमिका छ । केही वर्षअघिसम्म जीवनका अन्तिम दिनहरूमा घाटहरूको स्वच्छ जलवायु र त्यहाँ रहेको देवदेवीहरूको छत्रछायाँमा बसी प्राणत्याग गर्नु नै सबै नेपालीहरूको अन्तिम इच्छा हुन्थ्यो । तर हिजोआज प्रदूषित नदी र औषधोपचारको धेरै सुविधा भएको हुनाले मानिसको यो इच्छा प्राय नगण्य नै भइसकेको छ । तैपनि सबै ठाँउवाट निराश भइसकेपछि प्राण त्याग गर्न नदी र घाटमा आउने चाहना भने अझै जीवितै छ । मर्ने बेलामा मान्छेले अन्तिमपटक यही नदीको जल सेवन गर्दछ । मृत व्यक्तिको अवशेष (खरानी) लाई यही नदीले नै पार लगाउँदछ अथवा मुक्ति प्रदान गर्दछ । मृतकको आत्माको शान्तिको लागि र मृतकलाई यस ब्रह्माण्डवाट मुक्ति दिनको लागि गरिने वर्ष दिनभरिको विभिन्न शुद्धीकरणका क्रियाकलापहरू, श्राद्धहरू, दानहरू सबै नदीमा नै आई गरिन्छ । पितृहरूको श्राद्ध, तर्पण, जलदान, पिण्डदान आदि सम्पूर्ण कामहरूमा नदीको पवित्र जलको प्रयोग गरिनुका साथै यी सबै कार्यहरू नदीमा नै गरिन्छ । यसरी नै नदीमा पितृकार्यहरू गर्दा नदीमा बगाइएका पिण्ड वा अन्य वस्तुहरू पितृले स्वर्गमा प्राप्त गर्दछन् भन्ने विश्वास पनि गरिन्छ ।

नदीले पृथ्वी र स्वर्गको सम्पर्क राख्ने पुलको काम पनि गर्दछ भन्ने विश्वास गरिन्छ । चाणक्यनीतिमा भनिएको छ ("माता गङ्गा समंतीर्थ पिता पुष्करमेव च ॥ गुरु केदार समंतीर्थ माता गङ्गा पुनः पुनः ॥" नदी अथवा गङ्गालाई हामी माता अथवा आमाको रूपमा पनि मान्दछौं । नदीको जललाई हामी आमाको दूधजत्तिकै पोषक, प्राणरक्षक अमृत मान्दछौं । आमाले बालकलाई सिञ्चन गरेझैं नदीले जमिनलाई सिञ्चन गरी ऊर्वर र हराभरा बनाउँछ । गङ्गा अर्थात् नदी यस पृथ्वीमा आफ्ना सन्तान प्राणीहरूलाई सुख सुविधा दिन आएकी हुन् । तिनलाई छुन सकिन्छ, भेट्न सकिन्छ र तिनले आमाले झैं हाम्रो सबै फोहोर र खराब कुराहरूलाई आफूमा स्वीकार्दछन् । तिनी निष्पक्ष, उदार, सहृदयी र सबैलाई बराबर माया गर्ने न्यायी आमा हुन् । तसर्थ पशुपतिपुराणमा भनिएको पनि छ( तीनै सर्वतीर्थवती (सम्पूर्ण तीर्थ युक्त भएकी) श्रेष्ठ नदी वाग्वती सम्पूर्ण धर्मप्राण समाजको मनोरथ (धर्म, अर्थ, काम र मोक्षसम्बन्धी इच्छा) पूर्ण गर्ने श्री वाग्वती शिवलोक इच्छा राख्ने सम्पूर्णका निमित्त सेवनीय छिन् ।